तलकोट गाउँपालिका
Talkot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
तलकोट, बझाङ्ग सुदूरपश्चिम प्रदेश,नेपाल
Talkot, Bajhang Sudhurpashchim Province, Nepal

पत्र संख्या: २०८२/०८३
चलानी संख्या: ४१८ ने.सं. ११४६ मिति: २०८२/०८/१ गते

विषयः स्थानीय पाठ्यक्रममा आधारित स्रोत सामग्री तथा सन्दर्भ सामग्री लेखन कार्यका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

श्री इच्छुक शिक्षक / विषयविज्ञ सबै
तलकोट गाउँपालिका बझाङ।

प्रस्तुत विषयमा मिति २०८२/०७/३० गतेको बैठकको निर्णयानुसार यस गाउँपालिका बाट स्वीकृत भै कार्यान्वयनमा रहेको हाम्रो तलकोटको सफल कार्यान्वयनका लागि उक्त पाठ्यक्रममा आधारित कक्षा १-८ सम्मको कक्षागत स्रोत सामाग्री लेखन कार्यका लागि देहाय बमोजिमको विषयविज्ञको योग्यता र अनुभव भएका विषयविज्ञहरुबाट मिति २०८२/०८/१५ गतेभित्र शिक्षा युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८२/८/१.
यादव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
यादव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

क. स्थानीय पाठ्यक्रम हाम्रो तलकोट मा निर्धारण भएका विषयक्षेत्र,सिकाइ प्रक्रिया,सिकाई उपलब्धिहरु र मूल्याङ्कन तरिकामा आधारित भै कक्षा १-८ सम्मको कक्षागत पाठ्यपुस्तक लेखन गर्नुपर्ने।

ख. न्यूनतम पेज सङ्ख्या १५० देखि १७० सम्म (A4 साइजको पेपरमा ) र शब्दहरु ७० हजार देखि ८० हजार सम्म हुनुपर्ने।

ग. पाठ्यपुस्तकमा विद्यार्थीहरुलाई दिइने ज्ञान ,अभ्यास,परियोजना कार्य शिक्षण सिकाइ तथा मूल्याङ्कनको तौर तरिका समेत सङ्लग्न गर्नुपर्ने।

घ. पाठ्यपुस्तकमा विषयवस्तुसँग सान्दर्भिक चित्र,ग्राफ समेत राख्नुपर्ने ।

ङ. पाठ्यपुस्तकको PRC गाउँपालिकालाई उपलब्ध गर्नुपर्ने।

च.

**विज्ञको योग्यता तथा अनुभव**

क. शैक्षिक योग्यता शिक्षाशास्त्रमा कम्तिमा स्नातक वा अन्य सङ्कायमा स्नातक गरी शिक्षा विषयको तालिम लिएको हुनुपर्ने।

ख. कम्तिमा ५ वर्षको शिक्षण अनुभव भएको हुनुपर्ने।

ग. स्थानीय पाठ्यपुस्तक लेखन सिप तथा स्थानीय परिबेशको बारेमा जानकारी भएको हुनुपर्नेछ।

घ. ICT को राम्रो ज्ञान भएको ,नेपाली (Preeti वा Unicode Font) र अंग्रेजी टाइपिङ्गमा दक्ष भएको हुनुपर्नेछ।

CamScanner

तलकोट गाउँपालिका
Talkot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
तलकोट, बझाङ्ग सुदूरपश्चिम प्रदेश,नेपाल
Talkot, Bajhang Sudhurpashchim Province, Nepal

पत्र संख्या: २०८२/०८३
चलानी संख्या: ४ ४१८ नेसं. ११४६ मिति: २०८२/०८/१ गते

**सङ्लग्न गर्नुपर्ने कागजात**

१. ब्यक्तिगत निवेदन।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
३. अनुभव खुल्ने कागजातको प्रतिलिपी।
४. नेपाली नागरिकताको प्रतिलिपी।

नोटः स्थानीय परिवेशको जानकारी भएको ,ICT को राम्रो ज्ञान भएको र अनुभवीलाई प्राथामिकता दिइ विज्ञको छनौट गाउँपालिकाले गर्नेछ। छनौट भएका विज्ञहरुले गाउँपालिकाले तोकेको शर्तको अधिनमा रही कार्यसम्पन्न गर्नुपर्नेछ।

बोधार्थः
श्री सुचना प्रविधि शाखाः सूचना Website मा राखिदिनुहुन।

CamScanner